# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

२०४२ साल वैशाख १ गतेदेखि ऐ. चैत मसान्ततक वर्ष १ मा मन्त्रालय, अदालत, विभाग एवम् कार्यालयहरूलाई देहायबमोजिम सार्वजनिक र पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ ।

१. <u>हरेक शनिबार दिन ५३ (त्रिपन्न)</u>

| | | | |
|---|---|---|---|
| (क) | वैशाख | १, ८, १५, २२ र २९ | गते दिन ५ – पाँच |
| (ख) | जेठ | ५, १२, १९ र २६ | गते दिन ४ – चार |
| (ग) | असार | १, ८, १५, २२ र २९ | गते दिन ५ – पाँच |
| (घ) | साउन | ५, १२, १९ र २६ | गते दिन ४ – चार |
| (ङ) | भदौ | १, ८, १५, २२ र २९ | गते दिन ५ – पाँच |
| (च) | असोज | ५, १२, १९ र २६ | गते दिन ४ – चार |
| (छ) | कात्तिक | ३, १०, १७ र २४ | गते दिन ४ – चार |
| (ज) | मंसीर | १, ८, १५, २२ र २९ | गते दिन ५ – पाँच |
| (झ) | पुस | ६, १३, २० र २७ | गते दिन ४ – चार |
| (ञ) | माघ | ५, १२, १९ र २६ | गते दिन ४ – चार |
| (ट) | फागुन | ४, ११, १८ र २५ | गते दिन ४ – चार |
| (ठ) | चैत | २, ९, १६, २३ र ३० | गते दिन ५ – पाँच |

२. <u>पर्व बिदाहरू:–</u>

(क) नववर्ष वैशाख १ गते शनिबार दिन एक (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने) १

(ख) ऋषितर्पणी (रक्षाबन्धन) भदौ १४ गते शुक्रबार दिन एक १

(ग) वसन्तपञ्चमी फागुन २ गते बिहीबार दिन एक १

(घ) महाशिवरात्रि फागुन २५ गते शनिबार दिन एक (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने) १

(ङ) फागु पूर्णिमा चैत १२ गते मङ्गलबार दिन एक १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. महिला कर्मचारीको लागि मात्रः–

(क) हरितालिका (तीज) असोज १ गते मङ्गलबार दिन एक १

(ख) ऋषिपञ्चमी असोज ३ गते बिहीबार दिन एक १

(ग) नारी दिवस ८ मार्च १९८६ तदनुसार फागुन २५ गते शनिबार दिन आधा ½
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

४. जात्रा बिदा (उपत्यकालाई मात्र):–

(क) गाइजात्रा भदौ १५ गते शनिबार दिन एक १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) इन्द्रजात्रा असोज ११ गते शुक्रबार दिन एक १

(ग) घोडेजात्रा चैत २६ गते मङ्गलबार दिन एक १

(घ) मच्छिन्द्रनाथको भोटो देखाउने दिन एक १

५. दशैं बिदाः–

(क) घटस्थापना असोज २९ गते मङ्गलबार दिन एक १

(ख) त्यसपछि कात्तिक ४ गते आइतबारदेखि कात्तिक ११ गते आइतबारसम्म (फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म) दिन आठ ८

६. तिहार बिदाः–

(क) लक्ष्मीपूजा कात्तिक २७ गते मङ्गलबार दिन एक १

(ख) गोवर्धनपूजा कात्तिक २८ गते बुधबार दिन एक १

(ग) भाइटीका कात्तिक २९ गते बिहीबार दिन एक १

७. दिवस बिदाः–

(क) संयुक्त राष्ट्र संघ दिवस २४ अक्टोबर १९८५ तदनुसार कात्तिक ८ गते बिहीबार दिन आधा ½
(दशैं बिदाभित्र परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) शहीद दिवस माघ १६ गते बुधबार दिन आधा ½

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा सवारी होइबक्सँदा र राजधानी फिर्ति सवारी होइबक्सँदा देहायअनुसार बिदा हुनेछ ।

695



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राजकीय भ्रमण गरिबक्सँदा अधिराज्यभर बिदा ।
(ख) औपचारिक भ्रमण गरिबक्सँदा (उपत्यकाभित्रका कार्यालयहरूलाई मात्र) आधा दिन बिदा ।

९. शुभ-जन्मोत्सव बिदाः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव नेपाल अधिराज्यभित्र पुस १४ गते आइतबार दिन एक १
नेपाल अधिराज्यबाहिर २८ डिसेम्बर १९८५ शनिबार दिन एक १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)
(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव कात्तिक २२ गते बिहीबार दिन एक १

१०. शुभ-जयन्ती बिदाः–

(क) बुद्ध जयन्ती वैशाख २२ गते शनिबार दिन एक १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)
(ख) कृष्ण जन्माष्टमी भदौ २२ गते शनिबार दिन एक १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)
(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म-जयन्ती पुस २७ गते शनिबार दिन एक १
(शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)
(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते मङ्गलबार दिन एक १
(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस पुस १ गते सोमबार दिन एक १

११. हाजिर हुने र छुट्ने समयः–

मन्त्रालय तथा कार्यालयहरूको हकमा मंसीर, पुस र माघ ३ तीन महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त दिन, ठाउँ र समयमा सूचना भएबमोजिम गर्ने ।

620



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(ख) श्री ५ महाराजाधिराज सरकारका बाहुलीबाट टीका थाप्ने ।

(ग) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(घ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म-जयन्तीमा उपस्थित हुने ।

(ङ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(च) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(छ) श्री ५ महाराजाधिराज सरकारबाट वसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने ।

(ज) बडा दशैं फूलपातीको दिन उपस्थित हुने ।

(झ) महाशिवरात्रिको बढाइँमा उपस्थित हुने ।

(ञ) घोडेजात्राको समारोहमा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजाना काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलीफोन, प्रहरी थाना, चौकी, फायर वृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाकसमेतमा कामकाज रोक्न नहुने कार्यालयहरूका निम्ति सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुऱ्याई मात्र बस्न पाइनेछ ।

टिप्पणीः– आधा दिन भन्नाले मंसीर, पुस र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव



629

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।